# प्रदेश लोक सेवा आयोग

## गण्डकी प्रदेश, पोखरा

## प्रदेश निजामती सेवा नवौं तहका (अप्राविधिक/प्राविधिक) पदहरूको ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवा र कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाको सूचना

**सूचना नं. ०७/२०८०-०८१** **मितिः-२०८०/५/१३**

ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवा र कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाबाट पूर्ति गर्नुपर्ने देहायका पदहरूका लागि गण्डकी प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ३५ र ३६ बमोजिम ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवा र कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाका लागि सम्भाव्य उम्मेदवारहरूले प्रदेश लोक सेवा आयोगबाट निर्धारित दरखास्त फाराममा उल्लिखित विवरण खुलाई मिति २०८०/०६/१६ गते सम्ममा दरखास्त दिनु हुन सूचना गरिन्छ । जेष्ठताको गणना गण्डकी प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ३८ (४) र गण्डकी प्रदेश निजामती सेवा नियमावली, २०७९ को नियम ६५ बमोजिम हुनेछ।

दरखास्त फाराम प्रदेश लोक सेवा आयोगको वेवसाइट ppsc.gandaki.gov.np बाट डाउनलोड गर्न सकिनेछ। सम्बन्धित उम्मेदवारले एक प्रति दरखास्त फाराम स्पष्टसँग भरी दरखास्त पेश गर्ने अन्तिम मितिभित्र आयोगको कार्यालयमा बुझाइ सक्नु पर्नेछ। प्राप्त हुन आएका दरखास्तलाई बढुवा सूचना नम्बर अनुसार एकमुष्ठ रुपमा सम्वन्धित बढुवा समितिको सचिवालयमा पठाइनेछ। म्याद नाघी प्राप्त हुन आएका दरखास्त उपर कुनै कारबाही गरिने छैन ।

## उम्मेदवारहरूले दरखास्त दिंदा ध्यान दिनुपर्ने विषयहरूः

१. गण्डकी प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा १९ र दफा ३३ बमोजिम बढुवाको लागि अयोग्य नभएको हुनुपर्ने।
२. दरखास्त फाराम भर्दा निजामती किताबखाना वा प्रदेश किताबखानाबाट आफूले पाएको सङ्केत नम्बर अनिवार्य रूपमा उल्लेख गर्नुपर्ने।
३. समकक्षता निर्धारण गर्नुपर्ने शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारण गरेको प्रमाणित प्रतिलिपि अनिवार्य रूपमा पेश गर्नुपर्ने।
४. दरखास्त फारामको सम्पूर्ण महलहरूमा उल्लेख भए बमोजिमका विवरणहरू स्पष्ट खुलाउनु पर्नेछ। दरखास्त फाराम भर्दा मूल्याङ्कनको लागि गणना हुने पछिल्लो पाँच वर्षको कार्य सम्पादन मूल्याङ्कन पेश गरेको कार्यालयको नाम, हालको श्रेणी/तहमा अध्ययन बिदा र तालिम लिएको भए सो अवधि तथा गयलकट्टी भएको भए सो समेतको विवरण र गण्डकी प्रदेशमा समायोजन भएको पत्र पेश गर्नुपर्ने।
५. जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाको हकमा गण्डकी प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ३५ (१) (ग) बमोजिमको तालिमको प्रमाणपत्र पेश गर्नुपर्ने ।
६. कार्यक्षमताको आधारमा हुने बढुवाका आधारहरु गण्डकी प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ३६ बमोजिम हुनेछ।
७. बढुवाको लागि हुने न्यूनतम सेवा अवधि र शैक्षिक योग्यता गण्डकी प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ३२, दफा ३८ (४) र गण्डकी प्रदेश निजामती सेवा नियमावली, २०७९ को नियम ५७, ५८, ५९ र ६५ बमोजिम हुनुपर्ने।
८. बढुवा सम्वन्धी अन्य व्यवस्था गण्डकी प्रदेश निजामती सेवा ऐन, २०७९ र गण्डकी प्रदेश निजामती सेवा नियमावली, २०७९ बमोजिम हुने।

### गण्डकी प्रदेश निजामती सेवा तर्फ बढुवा हुने पदको विवरण

| क्र.सं. | बढुवा सूचना नं. | पद, सेवा, समूह, उपसमूह, | तह | बढुवाको किसिम | पद संख्या |
|---|---|---|---|---|---|
| १. | १६/२०८०-८१ | वरिष्ठ पशु स्वास्थ्य अधिकृत, कृषि, भेटेरिनरी | ९ | जेष्ठता र कार्यसम्पादन मूल्याङ्कन | १ |

प्रदेश लोक सेवा आयोग गण्डकी प्रदेश

| क्र.सं. | बढुवा सूचना नं. | पद, सेवा, समूह, उपसमूह, | तह | बढुवाको किसिम | पद संख्या |
|---|---|---|---|---|---|
| २. | १७/२०८०-८१ | उपसचिव, प्रशासन, प्रशासन | ९ | जेष्ठता र कार्यसम्पादन मूल्याङ्कन | ८ |
| ३. | १८/२०८०-८१ | वरिष्ठ वन अधिकृत, वन, जनरल फरेष्ट्री | ९ | जेष्ठता र कार्यसम्पादन मूल्याङ्कन | ३ |
| ४. | १९/२०८०-८१ | वरिष्ठ जलाधार व्यवस्थापन अधिकृत, वन, स्वायल एण्ड वाटर कन्जरभेसन, | ९ | जेष्ठता र कार्यसम्पादन मूल्याङ्कन | १ |
| ५. | २०/२०८०-८१ | उपसचिव, शिक्षा, शिक्षा प्रशासन | ९ | जेष्ठता र कार्यसम्पादन मूल्याङ्कन | १ |
| ६. | २१/२०८०-८१ | जनस्वास्थ्य प्रशासक, स्वास्थ्य, हे.ई. | ९ | जेष्ठता र कार्यसम्पादन मूल्याङ्कन | १ |
| ७. | २२/२०८०-८१ | मेडिकल सुपरिटेण्डेण्ट, स्वास्थ्य, जनरल हेल्थ सर्भिसेज | ९ | जेष्ठता र कार्यसम्पादन मूल्याङ्कन | २ |
| **जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवा कुल जम्मा** | | | | | १७ |
| ८. | २३/२०८०-८१ | उपसचिव, प्रशासन, प्रशासन | ९ | कार्यक्षमताको मूल्याङ्कन | ८ |
| ९. | २४/२०८०-८१ | वरिष्ठ वन अधिकृत, वन, जनरल फरेष्ट्री | ९ | कार्यक्षमताको मूल्याङ्कन | २ |
| १०. | २५/२०८०-८१ | उपसचिव, शिक्षा, शिक्षा प्रशासन | ९ | कार्यक्षमताको मूल्याङ्कन | १ |
| ११. | २६/२०८०-८१ | जनस्वास्थ्य प्रशासक, स्वास्थ्य, हे.ई. | ९ | कार्यक्षमताको मूल्याङ्कन | १ |
| १२. | २७/२०८०-८१ | मेडिकल सुपरिटेण्डेण्ट, स्वास्थ्य, जनरल हेल्थ सर्भिसेज | ९ | कार्यक्षमताको मूल्याङ्कन | २ |
| **कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवा जम्मा** | | | | | १४ |

**दरखास्त दस्तुरः** रु. २०००/- (दुई हजार रुपैया)

**दरखास्त दस्तुर बुझाउने स्थानः** राष्ट्रिय वाणिज्य बैङ्क लिमिटेड, खाता नं. १०००१००२०००१००००

**कार्यालय कोडः** २१०००३९०१४ (प्रदेश लोक सेवा आयोग, गण्डकी प्रदेश)

**राजस्व शीर्षक नं.** १४२२४ मा दरखास्त दस्तुर बुझाएको बैङ्क भौचरको सक्कल प्रति संलग्न गरी दरखास्त पेश गर्नुपर्ने ।

प्रदेश लोक सेवा आयोग, गण्डकी प्रदेश

# प्रदेश लोक सेवा आयोग

## गण्डकी प्रदेश, पोखरा

## स्थानीय सेवाका नवौं तहका (अप्राविधिक/प्राविधिक) पदहरूको ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवा र कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाको सूचना

**सूचना नं. ०८/२०८०-०८१** **मितिः-२०८०/५/१३**

ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवा र कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाबाट पूर्ति गर्नुपर्ने देहायका पदहरूका लागि स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ३३ र ३४ बमोजिम ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवा र कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाका लागि सम्भाव्य उम्मेदवारहरूले प्रदेश लोक सेवा आयोगबाट निर्धारित दरखास्त फाराममा उल्लिखित विवरण खुलाई मिति २०८०/०६/१६ गते सम्ममा दरखास्त दिनुहुन सूचना गरिन्छ । जेष्ठताको गणना स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ३६ र स्थानीय सेवा (गठन तथा सञ्चालन) नियमावली २०८० को नियम ६० बमोजिम हुनेछ। यसमा स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा १० को उपदफा (१४) बमोजिम गण्डकी प्रदेश भित्रका स्थानीय तहका कर्मचारीहरु सम्भाव्य उम्मेदवार हुन सक्नेछन्।

दरखास्त फाराम प्रदेश लोक सेवा आयोगको वेवसाइट ppsc.gandaki.gov.np बाट डाउनलोड गर्न सकिनेछ । सम्बन्धित उम्मेदवारले एक प्रति दरखास्त फाराम स्पष्टसँग भरी दरखास्त पेश गर्ने अन्तिम मितिभित्र आयोगको कार्यालयमा बुझाइ सक्नु पर्नेछ। प्राप्त हुन आएका दरखास्तलाई बढुवा सूचना नम्बर अनुसार एकमुष्ठ रुपमा सम्बन्धित बढुवा समितिको सचिवालयमा पठाइनेछ। म्याद नाघी प्राप्त हुन आएका दरखास्त उपर कुनै कारबाही गरिने छैन ।

## उम्मेदवारहरूले दरखास्त दिंदा ध्यान दिनुपर्ने विषयहरूः

१. स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा १९ र दफा ३१ बमोजिम बढुवाको लागि अयोग्य नभएको हुनुपर्ने ।

२. दरखास्त फाराम भर्दा निजामती किताबखाना वा प्रदेश किताबखानाबाट आफूले पाएको सङ्केत नम्बर उल्लेख गर्नुपर्ने।

३. समकक्षता निर्धारण गर्नुपर्ने शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारण गरेको प्रमाणित प्रतिलिपि अनिवार्य रूपमा पेश गर्नुपर्ने।

४. दरखास्त फारामको सम्पूर्ण महलहरूमा उल्लेख भए बमोजिमका विवरणहरू स्पष्ट खुलाउनु पर्नेछ। दरखास्त फाराम भर्दा मूल्याङ्कनको लागि गणना हुने पछिल्लो पाँच वर्षको कार्य सम्पादन मूल्याङ्कन पेश गरेको कार्यालयको नाम, हालको श्रेणी/तहमा अध्ययन बिदा र तालिम लिएको भए सो अवधि तथा गयलकट्टी भएको भए सो समेतको विवरण र गण्डकी प्रदेश भित्रको स्थानीय तहमा समायोजन भएको पत्र पेश गर्नुपर्ने ।

५. जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाको हकमा स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ३३ (१) (ग) बमोजिमको तालिमको प्रमाणपत्र पेश गर्नुपर्ने ।

६. कार्यक्षमताको आधारमा हुने बढुवाका आधारहरु स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ३४ बमोजिम हुनेछ।

७. बढुवाको लागि हुने न्यूनतम सेवा अवधि र शैक्षिक योग्यता स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ३०, दफा ३६(४) र स्थानीय सेवा (गठन तथा सञ्चालन) नियमावली, २०८० को नियम ५३, ५४, ५५ र ६० बमोजिम हुनुपर्ने।

८. बढुवा सम्वन्धी अन्य व्यवस्था स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ र नियमावली, २०८० बमोजिम हुनेछ।

प्रदेश लोक सेवा आयोग गण्डकी प्रदेश

**स्थानीय सेवा तर्फ स्थानीय तहमा बढुवा हुने पदहरुको विवरण**

| क्र.सं. | बढुवा सूचना नं. | पद, सेवा, समूह, उपसमूह, | तह | बढुवाको किसिम | पद संख्या |
|---|---|---|---|---|---|
| १. | २८/२०८०-८१ | सि.डि.ई., इन्जिनियरिङ, सिभिल | ९ | जेष्ठता र कार्यसम्पादन मूल्याङ्कन | ५ |
| २. | २९/२०८०-८१ | उपसचिव, प्रशासन, प्रशासन | ९ | जेष्ठता र कार्यसम्पादन मूल्याङ्कन | १ |
| ३. | ३०/२०८०-८१ | उपसचिव, प्रशासन, शिक्षा प्रशासन | ९ | जेष्ठता र कार्यसम्पादन मूल्याङ्कन | २ |
| ४. | ३१/२०८०-८१ | जनस्वास्थ्य प्रशासक, स्वास्थ्य, हे.ई. | ९ | जेष्ठता र कार्यसम्पादन मूल्याङ्कन | १ |
| ५. | ३२/२०८०-८१ | मेडिकल सुपरिटेण्डेन्ट, स्वास्थ्य, ज.हे.स. | ९ | जेष्ठता र कार्यसम्पादन मूल्याङ्कन | १ |
| **जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवा जम्मा** | | | | | १० |
| ६. | ३३/२०८०-८१ | सि.डि.ई., इन्जिनियरिङ, सिभिल | ९ | कार्यक्षमताको मूल्याङ्कन | ४ |
| ७. | ३४/२०८०-८१ | उपसचिव, प्रशासन, प्रशासन | ९ | कार्यक्षमताको मूल्याङ्कन | १ |
| ८. | ३५/२०८०-८१ | उपसचिव, प्रशासन, शिक्षा प्रशासन | ९ | कार्यक्षमताको मूल्याङ्कन | २ |
| ९. | ३६/२०८०-८१ | मेडिकल सुपरिटेण्डेन्ट, स्वास्थ्य, ज.हे.स. | ९ | कार्यक्षमताको मूल्याङ्कन | १ |
| **कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवा जम्मा** | | | | | ८ |

**दरखास्त दस्तुरः** रु. २०००/- (दुई हजार रुपैया)
**दरखास्त दस्तुर बुझाउने स्थानः** राष्ट्रिय वाणिज्य बैङ्क लिमिटेड, खाता नं. १०००१००२०००१००००
**कार्यालय कोडः** २१०००३९०१४ (प्रदेश लोक सेवा आयोग, गण्डकी प्रदेश)
**राजस्व शीर्षक नं.** १४२२४ मा दरखास्त दस्तुर बुझाएको बैङ्क भौचरको सक्कल प्रति संलग्न गरी दरखास्त पेश गर्नुपर्ने ।

प्रदेश लोक सेवा आयोग, गण्डकी प्रदेश

# प्रदेश लोक सेवा आयोग

## गण्डकी प्रदेश, पोखरा

## प्रदेश निजामती सेवा र स्थानीय सेवाका नवौं तहका (प्राविधिक/अप्राविधिक) पदहरुको

## आन्तरिक, अन्तर तह र खुला तथा समावेशी प्रतियोगितात्मक परीक्षाको विज्ञापन

**सूचना नं. ०९/२०८०-०८१** **प्रकाशन मितिः-२०८०।०५।१३**

गण्डकी प्रदेश निजामती सेवा ऐन, २०७९ तथा स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ बमोजिम प्रदेश निजामती सेवा तथा स्थानीय सेवाका देहायका समूह, उपसमूह र तहका पदको आन्तरिक, अन्तर तह र खुला तथा समावेशी प्रतियोगितात्मक परीक्षाद्वारा स्थायी पदपूर्ति गर्नुपर्ने भएकाले देहाय बमोजिम योग्यता पुगेका उम्मेदवारहरुबाट दरखास्त आह्वान गरिन्छ। तोकिएको न्यूनतम योग्यता पुगेका उम्मेदवारहरूले आयोगको अनलाइन दरखास्त प्रणाली http://onlineppsc.gandaki.gov.np बाट अनलाइन दरखास्त दिनुपर्नेछ।प्रदेश निजामती सेवा तथा स्थानीय सेवाका आन्तरिक, अन्तर तह र खुला तथा समावेशी प्रतियोगिताका परीक्षा एकीकृत रुपमा एकै पटक सञ्चालन हुनेछ र प्रतियोगितात्मक परीक्षाबाट छनौट भएका उम्मेदवारहरूको प्राथमिकताक्रम अनुसार नियुक्तिको लागि प्रदेश तथा स्थानीय तहका सम्बन्धित निकायमा सिफारिस गरिनेछ।

### क. नवौं तहका प्राविधिक पदहरु

| क्र.सं. | विज्ञापन नं. | पद, सेवा, समूह, उपसमूह | प्रदेश/ स्थानीय | किसिम/ समूह | पद संख्या | परीक्षा कार्यक्रम | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | प्रथम पत्र | द्वितीय पत्र |
| १. | ९००१/२०८०-८१ | सि.डि.ई, इन्जिनियरिङ, सिभिल | स्थानीय | आन्तरिक | १ (एक) | २०८०।०८।०५ गते दिनको १ बजे | २०८०।०८।०६ गते दिनको १ बजे |
| २. | ९००२/२०८०-८१ | सि.डि.ई, इन्जिनियरिङ, सिभिल | स्थानीय | अन्तरतह | १ (एक) | | |
| ३. | ९००३/२०८०-८१ | सि.डि.ई, इन्जिनियरिङ, सिभिल | स्थानीय | खुला | १ (एक) | | |
| ४. | ९००४/२०८०-८१ | वरिष्ठ वन अधिकृत, वन, जनरल फरेष्ट्री | प्रदेश | आन्तरिक | १ (एक) | २०८०।०८।०७ गते दिनको १ बजे | २०८०।०८।०८ गते दिनको १ बजे |
| ५. | ९००५/२०८०-८१ | वरिष्ठ वन अधिकृत, वन, जनरल फरेष्ट्री | प्रदेश | अन्तरतह | १ (एक) | | |
| ६. | ९००६/२०८०-८१ | वरिष्ठ वन अधिकृत, वन, जनरल फरेष्ट्री | प्रदेश | खुला | १ (एक) | | |
| ७. | ९००७/२०८०-८१ | उपसचिव, शिक्षा, शिक्षा प्रशासन | प्रदेश | खुला | १ (एक) | २०८०।०८।०९ गते विहान ८ बजे | २०८०।०८।१० गते विहान ८ बजे |
| | | उपसचिव, प्रशासन, शिक्षा प्रशासन | स्थानीय | | १ (एक) | | |
| ८. | ९००८/२०८०-८१ | स्वास्थ्य प्रशासक, स्वास्थ्य, पब्लिक हेल्थ एड्मिनिष्ट्रेसन | प्रदेश | खुला | १ (एक) | २०८०।०८।०९ गते दिनको १ बजे | २०८०।०८।१० गते दिनको १ बजे |
| ९. | ९००९/२०८०-८१ | मेडिकल सुपरिटेण्डेण्ट, स्वास्थ्य, जनरल हेल्थ सर्भिसेज | प्रदेश | अन्तरतह | १ (एक) | | २०८०।०८।११ गते दिनको १ बजे |
| १०. | ९०१०/२०८०-८१ | मेडिकल सुपरिटेण्डेण्ट, स्वास्थ्य, जनरल हेल्थ सर्भिसेज | स्थानीय | अन्तरतह | १ (एक) | | |
| ११. | ९०११/२०८०-८१ | मेडिकल सुपरिटेण्डेण्ट, स्वास्थ्य, जनरल हेल्थ सर्भिसेज | प्रदेश | खुला | १ (एक) | | |

प्रदेश लोक सेवा आयोग, गण्डकी प्रदेश

| क्र.सं. | विज्ञापन नं. | पद, सेवा, समूह, उपसमूह | प्रदेश/ स्थानीय | किसिम/ समूह | पद संख्या | परीक्षा कार्यक्रम | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | प्रथम पत्र | द्वितीय पत्र |
| १२. | ९०१२/२०८०-८१ | कन्सल्टेण्ट पिडीयाट्रिसियन, स्वास्थ्य, पेडियाट्रिक्स | प्रदेश | खुला | २ (दुई) | २०८०।०८।०९ गते दिनको १ बजे | २०८०।०८।१२ गते दिनको १ बजे |
| १३. | ९०१३/२०८०-८१ | कन्सल्टेण्ट पिडीयाट्रिसियन, स्वास्थ्य, पेडियाट्रिक्स | प्रदेश | महिला | १ (एक) | | |
| १४. | ९०१४/२०८०-८१ | कन्सल्टेण्ट सर्जन, स्वास्थ्य, सर्जरी, जनरल सर्जरी | प्रदेश | खुला | १ (एक) | | २०८०।०८।१२ गते दिनको १ बजे |
| १५. | ९०१५/२०८०-८१ | कन्सल्टेण्ट अर्थोपेडिक सर्जन, स्वास्थ्य, सर्जरी, अर्थोपेडिक सर्जरी | प्रदेश | खुला | १ (एक) | | २०८०।०८।१३ गते दिनको १ बजे |
| १६. | ९०१६/२०८०-८१ | कन्सल्टेण्ट एनेस्थेसियोलोजिष्ट, स्वास्थ्य, एनेस्थेसियोलोजी | प्रदेश | खुला | १ (एक) | | २०८०।०८।१३ गते दिनको १ बजे |
| १७. | ९०१७/२०८०-८१ | कन्सल्टेण्ट जनरल फिजिसियन, स्वास्थ्य, मेडिसिन | प्रदेश | खुला | १ (एक) | | २०८०।०८।१४ गते दिनको १ बजे |
| १८. | ९०१८/२०८०-८१ | कन्सल्टेण्ट जनरल फिजिसियन, स्वास्थ्य, मेडिसिन | प्रदेश | महिला | १ (एक) | | |
| १९. | ९०१९/२०८०-८१ | कन्सल्टेण्ट रेडियोलोजिष्ट, स्वास्थ्य, रेडियोलोजी | प्रदेश | खुला | १ (एक) | | २०८०।०८।१४ गते दिनको १ बजे |
| २०. | ९०२०/२०८०-८१ | कन्सल्टेण्ट रेडियोलोजिष्ट, स्वास्थ्य, रेडियोलोजी | प्रदेश | महिला | १ (एक) | | |
| २१. | ९०२१/२०८०-८१ | कन्सल्टेण्ट प्याथोलोजिष्ट, स्वास्थ्य, प्याथोलोजी, जनरल प्याथोलोजी | प्रदेश | खुला | १ (एक) | | २०८०।०८।१५ गते दिनको १ बजे |
| २२. | ९०२२/२०८०-८१ | कन्सल्टेण्ट माइक्रोबायोलोजिष्ट, स्वास्थ्य, प्याथोलोजी, माइक्रोबायोलोजी | प्रदेश | खुला | १ (एक) | | २०८०।०८।१६ गते दिनको १ बजे |
| २३. | ९०२३/२०८०-८१ | निर्देशक, स्वास्थ्य, चेष्ट डिजिजेज | प्रदेश | खुला | १ (एक) | | २०८०।०८।१६ गते दिनको १ बजे |

## ख. नवौं तहका अप्राविधिक पदहरु

| क्र. सं. | विज्ञापन नं. | पद, सेवा, समूह, उपसमूह | प्रदेश/ स्थानीय | किसिम/ समूह | पद संख्या | परीक्षा कार्यक्रम | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | प्रथम पत्र | द्वितीय पत्र |
| १. | ९५०१/२०८०-८१ | उपसचिव, प्रशासन, प्रशासन | प्रदेश | आन्तरिक | २ (दुई) | २०८०।०८।२२ गते दिनको २ बजे | २०८०।०८।२३ गते बिहान ११ बजे |
| २. | ९५०२/२०८०-८१ | उपसचिव, प्रशासन, प्रशासन | प्रदेश | अन्तरतह | २ (दुई) | | |
| ३. | ९५०३/२०८०-८१ | उपसचिव, प्रशासन, प्रशासन | प्रदेश | खुला | १ (एक) | | |
| | | उपसचिव, प्रशासन, प्रशासन | स्थानीय | | १ (एक) | | |
| ४. | ९५०४/२०८०-८१ | उपसचिव, प्रशासन, प्रशासन | प्रदेश | महिला | १ (एक) | | |

**परीक्षाको किसिमः-** लिखित, प्रयोगात्मक र अन्तरवार्ता (लिखित परीक्षाको माध्यम, भाषा पाठ्यक्रममा तोकिए बमोजिम हुनेछ।)

**परीक्षा केन्द्रः-** पोखरा

**दरखास्तको माध्यमः-** विज्ञापित सबै पदहरुमा अनलाइन दरखास्त प्रणाली मार्फत दरखास्त बुझाउनु पर्नेछ। आयोगको अनलाइन दरखास्त प्रणाली https://onlineppsc.gandaki.gov.np/ मार्फत दरखास्त पेश गर्न सकिनेछ र दरखास्त पेश गर्ने विधि/तरिका सम्बन्धी विस्तृत विवरण आयोगको वेबसाइटमा हेर्न सकिनेछ।

**दरखास्त दिने अन्तिम मितिः-** २०८०/०६/०२ सम्म र दोब्बर दस्तुर तिरी २०८०/०६/०९ सम्म।

प्रदेश लोक सेवा आयोग, गण्डकी प्रदेश

**उम्मेदवारको उमेरको हदः-** २०८०/०६/०२ सम्म २१ वर्ष उमेर पुरा भै ४५ वर्ष ननाघेको तर संघीय निजामती सेवा, जुनसुकै प्रदेशको प्रदेश निजामती सेवा र स्थानीय सेवाका बहालवाला स्थायी कर्मचारीको हकमा उमेरको हद लाग्ने छैन। तर, स्थानीय सेवाका खुला प्रतिष्पर्धाद्वारा पूर्तिहुने पदहरुमा स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा १९ को खण्ड (ग) को प्रतिवन्धात्मक वाक्यांशको देहाय (४) बमोजिम सम्वत् २०६३ साल भन्दा अगाडिदेखि साविक स्थानीय निकायको दरवन्दीमा अस्थायी वा करारमा नियुक्ति भई निरन्तर रुपमा कार्यरत रहेका कर्मचारीको हकमा यस विज्ञापनमा उमेर हद लाग्ने छैन।

**दरखास्त दस्तुरः-** दरखास्त दस्तुर रु. २००० (दुई हजार रुपैया) बुझाउनु पर्नेछ। आ.प्र., अन्तर तह र समावेशी समूह तर्फका थप विज्ञापनमा आवेदन दिने उम्मेदवारले थप समूहको प्रत्येकको लागि ५००।- (पाँच सय) का दरले परीक्षा दस्तुर बुझाउनु पर्नेछ।

**दरखास्त दस्तुर बुझाउने विधि र स्थानः-** दरखास्त दस्तुर आयोगको अनलाईन दरखास्त प्रणाली मार्फत् सिर्जित बैङ्क भौचर (Master ID र कारोबार संकेत नम्बर उल्लेख भएको) प्रिन्ट गरी तोकिएको बैंकबाट नगद बुझाउन सकिनेछ। दरखास्त दस्तुर आयोगको अनलाईन दरखास्त प्रणाली मार्फत बैङ्क भौचर सिर्जित भैसकेपछि तोकिएको Payment Service मार्फत् पनि भुक्तानी गर्न सकिनेछ।

**दरखास्त दस्तुर बुझाउने अवधिः-** २०८०।०६।१० गते सम्म (कार्यालय समय भित्र)

**अपलोड गर्नुपर्ने कागजातहरुः-** उम्मेदवारले शैक्षिक योग्यता (लब्धाङ्क पत्र र चारित्रिक प्रमाणपत्र) समावेशी समूह खुल्ने कागजात लगायत सम्बन्धित विज्ञापनमा तोकिएका कागजपत्र अनलाईन दरखास्त प्रणालीको तोकिएकै स्थानमा PDF Format मा अपलोड गर्नु पर्नेछ। सबै उम्मेदवारले आफ्नो नागरिकताको प्रमाणपत्रको अगाडि र पछाडिको भाग स्क्यान गरी JPG Format मा अपलोड गर्नुपर्नेछ। दरखास्तमा उल्लेख गरेको विवरणका सम्बन्धमा उम्मेदवार स्वयं पूर्ण जवाफदेही हुनुपर्नेछ।

**प्रयोगात्मक परीक्षा र अन्तर्वार्ता हुने मितिः-** लिखित परीक्षाको नतिजा प्रकाशित हुँदा सूचना गरिनेछ।

**पदमा रही गर्नुपर्ने कामको विवरणः-** सेवा, समूह सम्वन्धी प्रचलित कानूनले तोके बमोजिम

**सेवा, शर्त र सुविधाः-** प्रचलित कानून बमोजिम

## <u>खुला र अन्तरतहको लागि आवश्यक न्यूनतम योग्यताः</u>

खुला प्रतियोगितात्मक परीक्षाको लागि उम्मेदवार हुन देहायको शैक्षिक योग्यता र गण्डकी प्रदेश निजामती सेवा ऐनको दफा ९ को उपदफा (१३) बमोजिम वा स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा १० को उपदफा (१३) बमोजिमको अनुभव प्राप्त गरेको हुनुपर्नेछ।

१. **इन्जिनियरिङ, सिभिलः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्वन्धित विषयमा कम्तिमा स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण।

२. **वन, जनरल फरेष्ट्रीः-** सातौं तहको पदमा सेवा प्रवेशका लागि न्यूनतम शैक्षिक योग्यता हासिल गरी मान्यता प्राप्त शिक्षण संस्थाबाट सिल्भिकल्चर वा वनस्रोत मापन (फरेष्ट मेन्सुरेसन) वा वन स्रोत सर्भेक्षण वा भू तथा जलाधार व्यवस्थापन वा वन्यजन्तु संरक्षण/व्यवस्थापन वा संरक्षित वन क्षेत्र व्यवस्थापन वा कृषि वन व्यवस्थापन वा वन तथा वातावरण व्यवस्थापन वा वन तथा जलवायु परिवर्तन वा प्राकृतिक स्रोत व्यवस्थापन वा जैविक विविधता विषयमा स्नातकोत्तर वा सो सरह उत्तीर्ण।

३. **शिक्षा, शिक्षा प्रशासन र प्रशासन, शिक्षा प्रशासनः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट शिक्षा शास्त्रमा स्नातकोत्तर उपाधी प्राप्त।

४. **स्वास्थ्य, पब्लिक हेल्थ एड्मिनिष्ट्रेसनः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बि.बि.एस. वा सो सरह उपाधी प्राप्त गरी जनस्वास्थ्य/कम्युनिटी मेडिसिन विषयमा स्नातकोत्तर उपाधी प्राप्त।

५. **स्वास्थ्य, जनरल हेल्थ सर्भिसेजः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बि.बि.एस. वा सो सरह उपाधी प्राप्त गरी जनस्वास्थ्य विषयमा स्नातकोत्तर उपाधी प्राप्त।

६. **स्वास्थ्य, पेडियाट्रिक्सः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट पेडियाट्रिक्स विषयमा स्नातकोत्तर उपाधी प्राप्त।

७. **स्वास्थ्य, सर्जरी, जनरल सर्जरीः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट जनरल सर्जरी विषयमा स्नातकोत्तर उपाधी प्राप्त।

८. **स्वास्थ्य, सर्जरी, अर्थोपेडिक सर्जरीः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट अर्थोपेडिक सर्जरी विषयमा स्नातकोत्तर उपाधी प्राप्त।

९. **स्वास्थ्य, एनेस्थेसियोलोजिः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट एनेस्थेसियोलोजी विषयमा स्नातकोत्तर उपाधी प्राप्त।

१०. **स्वास्थ्य, मेडिसिनः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट जनरल वा इन्टरनल मेडिसिन विषयमा स्नातकोत्तर उपाधी प्राप्त।

प्रदेश लोक सेवा आयोग, गण्डकी प्रदेश

११.**स्वास्थ्य, रेडियोलोजीः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट रेडियोलोजी विषयमा स्नातकोत्तर उपाधी प्राप्त।

१२.**स्वास्थ्य, प्याथोलोजी, जनरल प्याथोलोजीः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बि.बि.एस. वा सो सरह उपाधी प्राप्त गरी जनरल प्याथोलोजी विषयमा स्नातकोत्तर उपाधी प्राप्त।

१३.**स्वास्थ्य, प्याथोलोजी, माइक्रोबायोलोजीः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बि.बि.एस. वा सो सरह उपाधी प्राप्त गरी माइक्रोवायोलोजी वा व्याक्टेरीयोलोजी विषयमा स्नातकोत्तर उपाधी प्राप्त।

१४.**स्वास्थ्य, चेष्ट डिजेजः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट चेष्ट डिजिज विषयमा स्नातकोत्तर उपाधी प्राप्त।

१५.**प्रशासन, प्रशासनः-** मान्यताप्राप्त शिक्षण संस्थाबाट कला (आर्टस्), संस्कृत, व्यवस्थापन, वाणिज्यशास्त्र, व्यापार प्रशासन, जनप्रशासन, शिक्षाशास्त्र, कानून वा विज्ञानमा स्नातकोत्तर उपाधी प्राप्त।

## आन्तरिक, अन्तर तह, खुला तथा समावेशी परीक्षाका लागि आवेदन दिँदा ध्यान दिनुपर्ने विषयहरु

(क) गण्डकी प्रदेश निजामती सेवा ऐन, २०७९ र स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन २०७९ को दफा १९ बमोजिम अयोग्य नभएको हुनुपर्नेछ ।

(ख) प्रदेश निजामती सेवाको आन्तरिक प्रतियोगिता तर्फ दरखास्त दिन गण्डकी प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ९ को उपदफा (१०) र नियमावलीको नियम ७३ बमोजिमको योग्यता पुगेको हुनुपर्नेछ।

(ग) स्थानीय सेवाको आन्तरिक प्रतियोगिता तर्फ दरखास्त दिन स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा १० को उपदफा (१०) र नियमावलीको नियम ६८ बमोजिमको योग्यता पुगेको हुनुपर्नेछ।

(घ) प्रदेश निजामती सेवाको अन्तर तह प्रतियोगिता तर्फ दरखास्त दिन गण्डकी प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ९ को उपदफा (११) र नियमावलीको नियम ७३ बमोजिमको योग्यता पुगेको हुनुपर्नेछ।

(ङ) स्थानीय सेवाको अन्तर तह प्रतियोगिता तर्फ दरखास्त दिन स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन २०७९ को दफा १० को उपदफा (११) र नियमावलीको नियम ६८ बमोजिमको योग्यता पुगेको हुनुपर्नेछ।

(च) आन्तरिक, अन्तर तह, खुला र समावेशीतर्फको लिखित परीक्षा एकै मिति र समयमा हुनेछ (प्रत्येक सेवा/समूह र आन्तरिक, अन्तर तह, खुला तथा समावेशी समूहको लागि छुट्टाछुट्टै परीक्षा दिनु पर्ने छैन) ।

(छ) आन्तरिक, अन्तर तह, खुला तथा समावेशीतर्फको लिखित परीक्षाबाट छनौट भएका उम्मेदवारहरुको नतिजा प्रकाशन गर्दा वर्णानुक्रमका आधारमा सबै सेवा, समूहको एकमुष्ट रुपमा प्रकाशन गरिनेछ।

(ज) समावेशी समूहतर्फ लिखित परीक्षावाट छनौट भएका उम्मेदवारहरुले समावेशी समूहको प्राथमिकताक्रम रोज्न पाउने छैनन् । उम्मेदवारले दरखास्त फाराममा उल्लेख गरेको समावेशी समूहहरुको आधारमा आयोगको प्रचलित व्यवस्था अनुसार उम्मेदवारको समावेशी समूह कायम हुनेछ ।

(झ) सबै चरणको परीक्षा पश्चात प्राप्त हुन आएको योग्यताक्रम (Merit Order) अनुसार नियुक्तिको लागि सिफारिश गरिनेछ ।

## खुला तथा समावेशी तर्फ दरखास्त दिन चाहने उम्मेदवारको लागि आवश्यक अनुभव

(क) देहाय बमोजिमको निकायमा रही अधिकृत स्तरमा काम गरेको अनुभव सम्बन्धमा त्यस्तो पदको नियुक्तिपत्र वा करारनामा र सेवा अवधि प्रमाणित गरिएको सम्बन्धित निकायको पत्र ।

(१) निजामती, प्रदेश निजामती तथा अन्य सरकारी निकाय,
(२) नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तहको पूर्ण वा आंशिक स्वामित्वमा सञ्चालित सङ्गठित संस्था,
(३) विकास समिति ऐन, २०१३ बमोजिम गठित विकास समिति,
(४) ऐनद्वारा स्थापित संस्था वा निकाय,
(५) संयुक्त राष्ट्र संघ, यसका अंग तथा विशिष्टीकृत निकाय,
(६) अन्तरसरकारी अन्तर्राष्ट्रिय संगठनहरू,
(७) विश्वविद्यालयको आङ्गिक क्याम्पस,
(८) सामुदायिक विद्यालय वा क्याम्पस,

(ख) खण्ड (क) मा उल्लेख भए बाहेक राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्था लगायतका अन्य निकायको अनुभव पेस गरेकोमा नियुक्तिपत्र वा करारनामा र सेवा प्रमाणित गरिएको सम्बन्धित निकायको पत्रको अतिरिक्त त्यस्तो निकायमा अधिकृतस्तरका कर्मचारी भर्नाको प्रक्रिया, योग्यता, संगठन संरचना लगायत कर्मचारीको सेवाका शर्त समेतका विषय समावेश गरिएको नियम वा विनियम वा निर्देशिका वा कार्यविधि समेत पेस गर्नुपर्ने र त्यस्तो नियम वा विनियम वा निर्देशिका वा कार्यविधिमा भएको व्यवस्था बमोजिम अधिकृतस्तरमा भर्ना भएको यकिन हुने अनुभवलाई मात्र मान्यता दिइनेछ। यसका लागि विनियामवलीको प्रथम पाना, सेवा गरेको पदनाम उल्लेख रहेको पाना तथा सो पदको नियुक्ति प्रक्रिया खुलेको पाना अपलोड गर्नु पर्नेछ।

प्रदेश लोक सेवा आयोग, गण्डकी प्रदेश

(ग) सरकारी कर्मचारीले अन्य निकाय वा संगठित संस्थामा काम गरेको अनुभव पेस गरेमा नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय तहको पूर्व स्वीकृतिको पत्र तथा सो अवधिको विदा स्वीकृतिको पत्र संलग्न भएमा मात्र त्यस्तो अनुभवलाई मान्यता दिइनेछ।

(घ) एउटै अवधिमा दुई वा सो भन्दा बढी निकायमा काम गरेको भएमा पूरा समय काम गरेको कुनै एकको अनुभव मात्र गणना गरिनेछ,

(ङ) नियुक्ति पत्र वा करारनामामा नै आंशिक रूपमा काम गर्ने उल्लेख भएकोमा सो अनुभवलाई मान्यता दिइनेछैन,

(च) एक वर्ष भन्दा कम अवधिको अस्थायी वा करार सेवाको अनुभवलाई गणना गरिने छैन,

(छ) सहायकस्तरमा पदाधिकार रही अधिकृतस्तरमा कायम मुकायम वा निमित्त भई सेवा गरेको अनुभवलाई मान्यता दिइनेछैन,

(ज) अधिकृत नवौं तहको जुन सेवा, समूहको पदमा आवेदन गर्ने हो सो सेवा, समूहको सातौं/आठौं तहको लागि तोकिएको न्यूनतम शैक्षिक योग्यता हासिल गरेपछिको अधिकृतस्तरको अनुभवलाई मात्र मान्यता प्रदान गरिनेछ, र

(झ) नियुक्तिपत्र वा करारनामामा उल्लेखित पदनामबाट अधिकृतस्तर नखुलेकोमा सम्बन्धित निकायले सो पद अधिकृतस्तरको हो भनी प्रमाणित गरेको पत्र संलग्न गर्नु पर्नेछ।

(ञ) स्थानीय सेवाका खुला प्रतिष्पर्धाद्वारा पूर्तिहुने पदहरुमा स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा १९ को खण्ड (ग) को प्रतिवन्धात्मक बुँदा (४) बमोजिमको कागजात सम्वन्धित स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृतबाट प्रमाणित गराई पेश गर्नुपर्नेछ।

**द्रष्टव्य**

(क) गण्डकी प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा १० को उपदफा (२) र स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ११ को उपदफा (२) बमोजिम आरक्षणको सुविधा एक व्यक्तिले सेवा अवधिभरमा एक पटक मात्र पाउनेछ।

(ख) दोब्बर दस्तुरको म्यादलाई उमेर, शैक्षिक योग्यता, अनुभव अवधि र अन्य योग्यताको प्रयोजनको लागि गणना गरिने छैन।

(ग) गण्डकी प्रदेश निजामती सेवा ऐन, २०७९ र स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ बमोजिम समान तह/श्रेणीका पदमा उम्मेदवार बन्न पाउने व्यवस्था नभएकोले यस्ता उम्मेदवारले दरखास्त दिन पाउने छैनन्।

(घ) आयोगद्वारा तोकिएको म्यादभित्र पेश नभएको वा न्यूनतम योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको दरखास्त स्वीकृत गरिने छैन।

(ङ) लिखित परीक्षाको हकमा सहयोगी लेखक माग गर्ने उम्मेदवारले लिखित परीक्षा शुरु हुनु भन्दा कम्तीमा १० (दश) दिन अगावै आयोगको कार्यालयमा लिखित निवेदन दिनुपर्नेछ।

(च) लिखित परीक्षामा उत्तीर्ण हुने उम्मेदवारले अन्तर्वार्ता दिनु भन्दा अगाडि शैक्षिक योग्यताको प्रमाणपत्र, नागरिकता प्रमाण पत्र, समावेशी एवं खुलातर्फ दरखास्त दिने उम्मेदवारको लागि पेश गर्नुपर्ने भनी उल्लेख गरिएका कागजातहरुको सक्कलका साथै सो को १/१ प्रति प्रतिलिपि उम्मेदवार स्वयंले प्रमाणित गरी अनिवार्य रुपमा पेश गर्नु पर्नेछ।

(छ) लिखित परीक्षामा परीक्षार्थीले अनिवार्य रुपमा कालो मसी मात्र प्रयोग गर्नुपर्नेछ अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ।

(ज) सूचनामा उल्लेखित विषय वाहेक अन्य विषयहरु प्रदेश लोक सेवा आयोग ऐन, नियमावली तथा निर्देशिका बमोजिम हुनेछ।

(झ) दरखास्त भर्ने तरिका सम्वन्धी जानकारीको लागि वेवसाइटमा राखिएको User Manual हेर्न सकिनेछ।

(ञ) पाठ्यक्रम आयोगको वेबसाइट ppsc.gandaki.gov.np बाट प्राप्त गर्न सकिने छ।

**थप जानकारीका लागिः** ०६१-४६७८७३

Website:- **http://ppsc.gandaki.gov.np** **E-mail:** gandakipsc2076@gmail.com

प्रदेश लोक सेवा आयोग, गण्डकी प्रदेश